# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/२४ गते

## प्रेस विज्ञप्ति

**विषय: डिभिजन सडक कार्यलय, मिनभवन काठमाण्डौका ई. नरनाथ पौडेल, सब-ईन्जिनियर मनिष महतो र लेखा अधिकृत चित्र बहादुर के.सीलाई घुस रकम सहित नियन्त्रणमा लिईएको।**

---

डिभिजन सडक कार्यालय, मिनभवन काठमाण्डौका ईन्जिनियर नरनाथ पौडेल, सब-ईन्जिनियर मनिष महतो र लेखा अधिकृत चित्र बहादुर के.सी.ले भोटेचौर - साँखु सडक मर्मत कार्यको लागि पि.के.बि. निर्माण सेवाले टेन्डर प्राप्त गरी निर्धारित कार्य सम्पन्न भएको दुई महिना व्यतित भई सकेकोमा सम्बन्धित निर्माण सेवाले ठेक्का बमोजिम सम्पन्न गरेको निर्माण कार्यको पहिलो रनिङ विल पास गर्ने क्रममा आलटाल गरी विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगको कार्यालय, टंगालबाट खटिई गएको टोलीले निज ईन्जिनियर नरनाथ पौडेल र सव-ईन्जिनियर मनिष महतोलाई रु. २,२०,०००।- (दुई लाख बीस हजार) घुस बापतको रकम लिंदै गर्दाको अवस्थामा इन्द्रेणी फुडल्याण्ड बानेश्वरबाट र लेखा अधिकृत चित्र बहादुर के.सी.लाई रु. २०,०००।- (बीस हजार) घुस बापतको रकम लिंदै गर्दाको अवस्थामा कात्यानी मार्ग बानेश्वरबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता